# नागार्जुन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, नेपाल

प.सं.२०७६/७७
च.नं. ८८

फोन नं. ४६७१७१७
हरिसिद्धि, सितापाईला, काठमाडौ

## सूचना सूचना सूचना

मितिः २०७७/०४/०६

**विषयः वेरोजगार व्यक्ति सूचिकरणका लागि निवेदन दिने सम्बन्धमा**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियामावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक बर्ष २०७७/७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत यस नगरपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक (१८-५९ बर्ष) बेरोजगार व्यक्तिहरुले २०७७ श्रावण ८ गते देखि २०७७ भाद्र ७ गते भित्र आफुले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा वेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको फारमको लागि सम्बन्धित वडा कार्यालय वा नागार्जुन नगपालिकाको web site: www.nagarjunmun.gov.np बाट प्राप्त गर्न सकिन्छ । थप विस्तृत जानकारीका लागि नगरपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क राख्नु होला ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः**

१. निवेदकको नागरिकता प्रतिलिपि थान-१
२. नागरिकातामा अन्य स्थानीय तहको ठेगाना भएको हकमा बसाईसराई अथवा विवाह दर्ताको प्रतिलिपि थान-१
३. निवेदकको पासपोर्ट साईजको फोटो थान -१
४. यदि निवेदक बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्तिले पासपोर्ट नं. र देश उल्लेख भएको पासपोर्टको प्रतिलिपि थान-१
५. निवेदकले निवेदनमा उल्लेखित सबै विवरण रीतपुर्वक पुर्ण रुपमा भरेर मात्र वडा कार्यालयमा निवेदन दर्ता गराउनु पर्ने छ।
६. रीत नपुगेको, अपुर्ण विवरण र तोकिए बमोजिमका कागतातहरु समावेश नगरिएका निवेदनहरु स्वतः रद्द हुनेछ ।

**विस्तृत जानकारीका लागी**
सम्पर्क नं: ९८४१७६५९७२ (रोजगार सेवा

**सुरेन्द्र थापा मगर**
**प्रमुख प्रशासकीय अधिकृत**